स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी मंसिर १२ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हर्ष'को दशैंलाई लक्षित गर्दै पहिलो गीत 'सिठ्ठी मार' सार्वजनिक गरिएको छ। डान्सिङ शैलीको गीतमा एलिस कार्कीको संगीत तथा पवित्रा घिमिरेको शब्द रचना रहेको छ भने प्रताप दास र सदीक्षा क`लको स्वर सुन्न सकिन्छ। गीतमा हर्ष, उमङ्ग, खुसी र उत्साहको भाव मिश्रित छ।

**आजको विचार...**



प्रत्यक्ष... *(दुई पेजमा)*

सन्तोष धिताल




९० को दशकका दुई चर्चित अभिनेत्री ट्विंकल खन्ना र काजोलको संयुक्त टक शो 'टू मच'को पहिलो एपिसोड प्राइम भिडियोमा सार्वजनिक भइसकेको छ। उक्त एपिसोडमा बलिउडका दुई सुपरस्टार आमिर खान र सलमान खान अतिथिको रूपमा उपस्थित भएका थिए। आमिरले सलमानसँग सुरुमा राम्रो बोन्डिङ नभएको खुलासा गर्दै भनेका छन्, 'मलाई त्यसबेला लाग्थ्यो कि सलमान समयमा आउँदैनन्। त्यसबेला सलमान निकै जजमेन्टल थियो।

❒ वर्ष ३१ ❒ अंक ७२ ❒ २०८२ असोज ११ गते शनिबार 27 September 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### आज विश्व पर्यटन दिवस



**पाल्पा,** असोज १०/विश्व पर्यटन दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईंदै छ । विश्वमा हरेक वर्ष पर्यटनको क्षेत्रको विकास र उत्थानका लागि विश्व पर्यटन दिवस मनाईंदै आइएको छ । सन् १९७० सेप्टेम्बर २७ मा संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनको स्थापना भएपछि सोही दिनको संस्मरणमा सन् १९८० देखि प्रत्येक वर्ष विश्व पर्यटन दिवस मनाउदै आइएको छ ।

मुलुकको आर्थिक समृद्धिको महत्वपूर्ण आधार पर्यटन हो त्यसैले अन्तर्राष्ट्रिय जगतमा प्रवर्द्धन गर्न विश्व पर्यटन दिवसको महत्वपूर्ण भूमिका रहेको छ । पर्यटन व्यवसायीहरुले दिवशको अवसरमा हाइकिङ, ट्रेकिङका कार्यक्रमहरु आयोजना गरी मनाउने भएका छन् । कोरोनाले प्रभावित बनाएको पर्यटन क्षेत्रको सुधार गर्न र आन्तरिक तयारीका साथ पर्यटन प्रवर्द्धन गर्न यो दिवसले महत्वपूर्ण भूमिका खेल्नेमा पर्यटन व्यवसायीहरु विश्वस्त रहेका छन् । नेपालमा गुणस्तरीय पर्यटन प्रर्वद्धनका लागि पर्वतारोहण र पर्वतीय पदयात्रानै मुख्य हो । यसको थप व्यवस्थापनमा राज्यले समेत जोड दिनु पर्ने पर्यटन व्यवसायीहरु बताउँछन् ।

# 'माटोले घर पोत्ने चलन हरायो, आम्दानी गुम्यो'

रासस

**ढोरपाटन (बागलुङ),** असोज १०/ निसीखोला गाउँपालिका-४ की ६७ वर्षीया जेठी विकले रातोमाटो बिक्री गरेर दसैं खर्च जोहो गर्न थालेको करिब २० वर्ष भयो । ग्रामीण क्षेत्रका घरमा रातोमाटो र सेतो कमेरोमाटोले पोत्ने हुँदा विकले घरघरमै माटो पुऱ्याउँदै आएकी छन् ।

पछिल्लो पाँच वर्षयता भने आयाति रङले घर पोत्ने चलन बढेपछि विकलाई दसैं खर्च जोहो गर्न समस्या भएको छ । दसैं आउनुभन्दा एक साताअगाडि नै घरका भित्ता, झ्याल र ढोका रङ्ख्याउने प्रचलन अझै छ, तर पहिलेजस्तो स्थानीयस्तरमा पाइने माटोले पोत्ने चलन भने हराउँदै गएको हो । "एक दशकअघिसम्म दसैंका बेला करिब १०० घरमा माटो पुऱ्याउने गरेकी थिए, हाल १५ घरमा पनि माटोको माग हुँदैन । हिजोआज घरमा सिमेन्ट लगाएपछि माटो र कमेरो प्रयोगमा आउन छोडेको छ, विकले भनिन्,"जमाना फेरिए, गाउँका घरमा पनि धेरैले सिमेन्ट लगाउन थाले । पहिले कमेरो लगाउने भित्तामा हाल इनामेल र अरु रङ लगाउन थालिएको छ । पहिले एकैदिनमा सात सयसम्म पनि कमाई हुन्थ्यो, हाल पाँच दिनमा पनि सात सय हुँदैन ।" स्थानीय कलीकुमारी सुनारले पहिले रातोमाटो र कमेरोमाटो निकाल्ने ठाउँ हाल झाडीले ढाकिएको सुनाइन् । गाउँमा खर र ढुङ्गेघर विस्थापित हुँदै गएपछि स्थानीयले माटोले पोत्न छोडेको उनको भनाइ छ । "माटो बेचेर दसैंका बेला रु १० देखि २० हजार कमाउने गरेकी थिए । पछिल्लो समय काम गर्न छोड्नुपर्ने अवस्था आयो । बसाइँसराइ बढ्यो । विकासको प्रभावले बजारका सामानले ठाउँ लिए", सुनारले भनिन्,"पहिलेजस्तो बारीबाट रातोमाटो ल्याउने अवस्था रहेन । अहिले गाउँमा मोटर गाडी आए, धेरैले पक्की घर बनाउन थाले । गाउँमा परम्परागत पहिचान हरायो, हाम्रो आम्दानी गुम्यो ।" विगतमा रातोमाटो र सेतो कमेरोमाटोले घर पोतिनु गाउँको मौलिकता नै थियो ।



आधुनिकताले परम्परागत घर विस्थापित हुँदै गएपछि माटोले घर पोत्न चलन हराउँदै गएको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा आठ जनाको मृत्यु

**पाल्पा,** असोज १०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी आठ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सिराहा, बाँके, मोरङ, कैलाली, धनुषामा भएका छुट्टाछुट्टै दुर्घटनामा परी आठ जनाको मृत्यु भएको हो ।



सिराहाको लहान नगरपालिका-१ मटिअर्वास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । प्र.२-०१-००२ प ५०८९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही ठाउँ बस्ने ३० वर्षीय जीवन यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट नर्सिङ होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै बाँकेको कोहलपुर नगरपालिका-१४ स्थित सडकमा स्कुटर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भे.८ प २२३५ नम्बरको स्कुटर अनियन्त्रित भई शुक्रबार बिहान दुर्घटना हुँदा स्कुटरमा सवार बर्दिया बढैयाताल गाउँपालिका-२ बस्ने ३० वर्षीय प्रदिप ढकालको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको संजिवनी कलेज अफ मेडिकल साईन्सेजमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका स्कुटर चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै धनुषाको लक्ष्मीनिया गाउँपालिका-१ सोहनीस्थित सडकमा पनि मोटसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । म. प्र.-०२-००६ प ५४२६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक मिथिला नगरपालिका-२ बस्ने ३२ वर्षीय सरोज महतोको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकलमा सवार एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यसैगरी, धनुषाकै कमला नगरपालिका-२ माची टोलस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । बीआर ३२ एस ७९८८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको हो । मृत्यु हुनेहरूमा मोटरसाइकल चालक जनकनन्दिनी गाउँपालिका-५ बनरझुला बस्ने १८ वर्षीय अमित यादव र मोटरसाइकलमा सवार १९ वर्षीय राहुल महतो रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै कैलालीको धनगढी उपमहानगरपालिका-७ जेपी चोकमा सु.प.प्र.०१-००१ क १६९० नम्बरको ट्रकमा से.५ प. ३४१४ नम्बर मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-१२ बस्ने १८ वर्षीय अनिस सिंह र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १९ वर्षीय गणेश कुँवर रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको सेती प्रादेशिक अस्पातालमा उपचारको क्रममा मृत्यु भएको हो । मोरङको विराटनगर महानगरपालिका-७ स्थित सडकमा बि.१ ह ०२६२ नम्बरको सिटी सफारीको ठक्करबाट साइकलयात्री सोही महानगरपालिका-१४ बस्ने ७५ वर्षीय चक्र प्रसाद निरौलाको मृत्यु भएको छ । उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट टिचिङ अस्पताल गंगाचोकमा उपचारको क्रममा मृत्यु भएको हो ।

हार्दिक मंगलमय शुभकामना



विजया दशमी तथा शुभ दीपावली, छठ पर्व २०८२ को अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा राष्ट्रिय संकटको यस घडीमा सहजै अगाडि बढ्ने प्रेरणा प्राप्त होस्, पर्वले धार्मिक सहिष्णुता, आपसी सद्भाव र एकताको सन्देश दिन सकोस्, सत्य, नैतिकता र समानताको बाटोमा हिंड्न प्रेरणा मिलोस् सबैमा सुख, शान्ति, समृद्धि एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



मुक्तिराम जि.सी.
सभापति
एवं
नेपाली कांग्रेस,प्रतिनिधिसभा क्षेत्र नं. २
पाल्पा परिवार

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# विश्व पर्यटन दिवसको सन्दर्भ

**आज सेप्टेम्बर २७ अर्थात् विश्व पर्यटन दिवस । नेपालमा पनि विविध कार्यक्रम गरी यो दिवस मनाइँदैछ । खासगरी, पर्यटनसम्बन्धी काम गर्ने निकाय वा संस्थाले विभिन्न कार्यक्रम गर्दै छन् । विश्वमा हरेक वर्ष पर्यटनको क्षेत्रको विकास र उत्थानका लागि विश्व पर्यटन दिवस मनाइँदै आइएको छ । सन् १९९७ को संयुक्त राष्ट्रसंघीय अवधारणा बनेपछि सन् १९८० देखि सेप्टेम्बर २७ का दिन पर्यटन दिवस जनचेतना अभिवृद्धि गर्ने पर्यटन क्षेत्रका लागि ठूलो पर्व भए पनि यसलाई 'इभेन्ट' का रुपमा लैजान नसक्दा प्रभावकारी हुन सकेको छैन । कोरोना महामारीका बेला थला परेको पर्यटन व्यवसायी अहिले पनि राम्रोसँग उठ्न सकेको छैन् । यसो भन्दैमा पर्यटन दिवसको औचित्य र महत्वलाई भने बिर्सन हुँदैन । पर्यटन व्यवसायीलाई अझ सशक्त ढंगले अगाडि बढाउने अवसरको रुपमा दिवसलाई लिनुपर्दछ । पर्यटनलाई आर्थिक समृद्धिको बलियो र प्रमुख आधारका रुपमा लिन आवश्यक छ ।**

**पर्यटन दिवस मनाइरहँदा कम्तिमा पर्यटन विकासका क्षेत्रमा विद्यमान चुनौतिबारे गम्भीरतापूर्वक छलफल गर्ने तथा विगतका कमीकमजोरीलाई दोहोरिन नदिनेतर्फ पनि उत्तिकै सजगता अपनाउन जरुरी छ । प्रमुख रुपमा प्रत्येक स्थानीय तहमा सबैभन्दा बढी सम्भावना रहेको पर्यटन गन्तव्यको स्पष्ट पहिचान गरी त्यसैमा लगानी वृद्धि गर्ने तथा संरक्षण र सम्वर्द्धनका प्रयासका साथै पर्यटकलाई आकर्षित गर्ने प्रभावकारी योजना कार्यान्वयनमा ध्यान दिइनु पर्दछ । पर्यटन विकासका लागि कार्यान्वयनको जिम्मेवारी निजी क्षेत्रले नै बहन गर्नुपर्दछ । सरकारले पर्यटन विकासका लागि उचित वातावरण निर्माण गर्न आवश्यक नीति र ऐनकानूनको निर्माण गर्ने तथा पूर्वाधार निर्माणमा लगानी बढाउनेतर्फ ध्यान केन्द्रीत गर्नु आवश्यक छ भन्ने दोहोराइरहनु पर्दैन । पर्यटन क्षेत्रको समस्या र चुनौतिबारे गम्भीरतापूर्वक छलफल गर्ने तथा विगतका कमीकमजोरीलाई दोहोरिन नदिनेतर्फ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना बनाउनतर्फ उत्तिकै सजगता अपनाउनु जरुरी छ । यसो गर्न सके मात्र दिवस मनाइनुको सार्थकता रहन्छ ।**

## Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैँ साथ
दिन सक्दैन, तर स्वभाव समझदारी र सच्चा
सम्बन्धले सधै साथ दिन्छ ।

*(शान्ता शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रत्यक्ष कार्यकारी प्रणालीमा जान किन सकस ?



सन्तोष धिताल

*प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा दलहरू साँचो अर्थमा सहमत थिए भने यसको लागि संविधान संशोधनमा एकमत हुनुपर्ने थियो । यो पनि प्रश्न उठ्छ कि कार्यकारी प्रणालीको वकालत गर्ने दलहरू यस विषयमा गम्भीर थिए भने किन संविधान संशोधनको लागि एकमत हुन सकेनन् ? विघटित प्रतिनिधि सभामा पनि प्रत्यक्ष कार्यकारी प्रणाली पक्षधर शक्तिहरू झन्डै दुई तिहाइको सङ्ख्यामा थिए । भलै राजनीतिक विचारमा उनीहरू फरक भएपनि प्रत्यक्ष कार्यकारीको एजेन्डामा एकमत थिए । यदि यो एजेन्डामा सहमत हुने दलहरू किन कहिल्यै सामूहिक छलफल गर्न सकेनन् ? यो अवसर ती दलहरूले किन लिन सकेनन् ? यसको उत्तर नेपालको राजनीतिक वास्तविकतामा छ । दलहरूको प्राथमिकता प्रायः सत्तामा जाने र सरकारको नेतृत्वमा पुग्ने रह्यो ।*

नेपालको सन्दर्भमा प्रत्यक्ष कार्यकारी प्रणालीको आवश्यकता अहिले अत्यन्तै महत्त्वपूर्ण विषय बनेको छ। नेपालको राजनीतिक इतिहास र वर्तमान परिस्थिति हेर्दा यो प्रणालीको माग केवल नयाँ होइन । एक आवश्यक सुधारको रूपमा उठिरहेको छ । पछिल्ला वर्षहरूमा निरन्तर देखिएको राजनीतिक अस्थिरता, सरकारहरूको छोटो अवधिको कार्यकाल, सत्ता सम्हाल्ने नेतृत्वको अभाव, भ्रष्टाचार र जनअपेक्षामा गहिरो दूरीले गर्दा जनतामा स्थिर, जबाफदेही र प्रभावकारी नेतृत्वको माग बढेको छ । यही पृष्ठभूमिमा प्रत्यक्ष कार्यकारी प्रणालीलाई नेपालमा लागू गर्ने आवाज जोडदार बन्न पुगेको हो । संविधान संशोधन र कार्यकारी प्रणालीको विषयमा लामो समयदेखि छलफल चलिरहेको छ । विशेष गरी प्रतिनिधि सभा र कार्यकारी प्रणालीमा सरकारको स्वरूपमा कसरी सुधार गर्न सकिन्छ भन्ने कुरा धेरै महत्त्वपूर्ण बन्दै गएको छ । प्रमुख दलहरू नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दलहरू प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा छन् । यी दलहरूले आफ्नो शासकीय स्वरूपको एजेन्डा नै बनाएका छन् । जेनजी आन्दोलनको म्यान्डेट पनि यही हो । जेनजी आन्दोलनले 'जबाफदेही नेतृत्व' र 'स्थायित्व' को माग गर्दै सशक्त रूपले प्रत्यक्ष कार्यकारीको पक्षमा आवाज उठाएको छ, जुन आन्दोलनले आम युवापुस्ताको अभिव्यक्ति बोकेको छ । तथापि, अहिले पनि प्रत्यक्ष कार्यकारी प्रणालीको विषयमा संविधान र दलहरू बिचमा फरक मतहरू छन् । जसका कारण यस मुद्दामा सहमति कायम गर्न कठिनाइ उत्पन्न भएको देखिन्छ । पटक पटक प्रत्यक्ष निर्वाचनको लागि जनस्तरबाट पटक पटक आवाज उठे पनि राजनीतिक दलहरूको त्यसलाई लत्त्याइरहे । तर उनीहरूले सुने पनि नसुने झैं गरिरहे । समस्या प्रणालीमा हैन, प्रत्यक्ष कार्यकारी प्रणालीको वकालत गर्ने राजनीतिक दलहरूमा नै छ । प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा दलहरू साँचो अर्थमा सहमत थिए भने यसको लागि संविधान संशोधनमा एकमत हुनुपर्ने थियो । यो पनि प्रश्न उठ्छ कि कार्यकारी प्रणालीको वकालत गर्ने दलहरू यस विषयमा गम्भीर थिए भने किन संविधान संशोधनको लागि एकमत हुन सकेनन् ? विघटित प्रतिनिधि सभामा पनि प्रत्यक्ष कार्यकारी प्रणाली पक्षधर शक्तिहरू झन्डै दुई तिहाइको सङ्ख्यामा थिए । भलै राजनीतिक विचारमा उनीहरू फरक भएपनि प्रत्यक्ष कार्यकारीको एजेन्डामा एकमत थिए । यदि यो एजेन्डामा सहमत हुने दलहरू किन कहिल्यै सामूहिक छलफल गर्न सकेनन् ? यो अवसर ती दलहरूले किन लिन सकेनन् ? यसको उत्तर नेपालको राजनीतिक वास्तविकतामा छ। दलहरूको प्राथमिकता प्रायः सत्तामा जाने र सरकारको नेतृत्वमा पुग्ने रह्यो । त्यस कारण, कार्यकारी प्रणालीको बहस पनि राजनीतिक स्वार्थमा आधारित छ भन्ने कुरा स्पष्ट हुँदै गएको छ । दलहरूले चुनावी प्रचारको बेला मात्रै यो मुद्दा उठाउने तर कार्यकारी प्रणालीको सुधारका लागि दीर्घकालीन र व्यापक छलफल नगरी आफ्ना आ-आफ्ना एजेन्डामा अडिग छन् । यस विषयमा एउटा साझा सहमति कायम नगरी, केवल दलहरूले आफ्नो पक्षमा मत मागिरहनु भनेको वास्तवमा जनताको चासो र आवश्यकता भन्दा बढी सत्ता प्राप्तिका लागि रणनीति मात्र देखियो । सत्ता सञ्चालनको लागि बलियो र प्रभावकारी सरकार आवश्यक छ, तर यसका लागि संविधानको आधारमा एकता र सहमति हुनुपर्ने कुरा महत्त्वपूर्ण छ । संविधान भनेको केवल दलहरूको दस्तावेज मात्र होइन, यो सम्पूर्ण राष्ट्रको साझा सम्झौता स्वरूप हो । कुनै पनि सरकारलाई जनताको भरोसा र समर्थन प्राप्त गर्नका लागि, यसको आधारमा सशक्त र स्पष्ट नीति बनाउनु पर्ने हुन्छ । तर अहिलेको स्थितिमा राजनीतिक दलहरूले केवल चुनावी रणनीतिका रूपमा प्रत्यक्ष कार्यकारी प्रणालीलाई प्रस्तुत गरेजस्तो देखिन्छ । अब यही फागुन अन्तिम साता निर्वाचनको मिति तोकिएको छ । भलै चुनाव होला या नहोला आगामी राजनीतिक घटनाक्रमले देखाउँछ । तर दलहरू भने अवश्य चुनावी प्रक्रियामा सामेल हुने नै छन् । चुनावमा फेरि जनताको बिचमा मत माग्न जाँदा प्रत्यक्ष कार्यकारीको एजेन्डालाई प्रमुख बनाउने निश्चित प्राय देखिन्छ । मानौं प्रत्यक्ष कार्यकारीको एजेन्डालाई लिएर चुनावमा जाँदा कुनै दलले बहुमत प्राप्त गरी सरकार गठन प्रक्रियामा सहज त होला । तर जनताको र भलै पछिल्लो जेनजी आन्दोलनको म्यान्डेट अनुसार संविधान संशोधन भने हुन सक्ने देखिँदैन । किनकि अहिलेको संवैधानिक व्यवस्था र प्रक्रिया अनुसार कुनै पनि दलको स्पष्ट दुई तिहाइ मत आउन सक्ने देखिँदैन । भलै आगामी चुनावबाट संसदमा प्रतिनिधित्व हुने सङ्ख्यामा तलमाथि हुन सक्छ । तर संविधान संशोधनका लागि दुई तिहाइ पुऱ्याउन फेरि कार्यकारी प्रणाली पक्षधर दलहरू एक ठाउँमा उभिनु पर्ने अवस्था रहन्छ । यदि त्यो अवस्थामा प्रत्यक्ष कार्यकारी प्रणालीको वकालत गर्ने दलहरू एक होलान् त ? प्रश्न उठ्न सक्छ । प्रत्यक्ष कार्यकारीको वकालत गर्ने राजनीतिक शक्तिहरू अहिले दुई ध्रुवमा विभाजित छन् । निर्वाचनमा फरक फरक एजेन्डा लिएर गए पनि प्रत्यक्ष निर्वाचनको वकालत गर्ने दलहरू यो मुद्दामा निर्वाचन अघि नै एउटा सहमतिको विन्दुमा पुग्नुपर्ने देखिन्छ । अहिले कम्तीमा यी शक्तिहरूले निर्वाचनमा परिणाम जे आए पनि प्रत्यक्ष कार्यकारीको पक्षमा हामी एक छौं र प्रतिनिधिसभाको पहिलो एजेन्डा नै यो मुद्दामा संविधान संशोधनको प्रतिबद्धता जनाए भने राजनीतिक दलहरू जेनजी आन्दोलन पश्चात् सुको संकेत दिन सक्छन् । फेरि चुनाव खपतका लागि मात्र हो भने फेरि राजनीतिक अस्थिरता अहिलेको भन्दा फरक नबन्ला भन्न सकिन्न । त्यसैले प्रत्यक्ष कार्यकारीको वकालत गर्ने दलहरुलाई यो सच्चिने अवसर पनि हो । यदि यो अवसर चुकाए भने फेरि प्रत्यक्ष कार्यकारीको माग गर्दै अर्को आन्दोलन नहोला भन्न सकिन्न । अर्को तर्फ प्रत्यक्ष कार्यकारी प्रणालीतर्फ राजनीतिक दलहरू जान अनिच्छुक हुनुका धेरै कारणहरू छन् । प्रमुख कारण भनेको शक्ति गुम्ने डर नै हो । प्रत्यक्ष प्रणालीमा कार्यकारी प्रमुख जनताबाट सिधै निर्वाचित हुने भएकाले दलका नेताहरूले आफ्नो नियन्त्रण र प्रभाव सीमित हुन सक्ने डर मन पराएको पाइँदैन । यस्तो अवस्थामा पार्टी नेतृत्वले कार्यकारी निकायमाथि आफ्नो प्रभुत्व राख्न सक्दैनन्, जसले उनीहरूलाई असहज बनाउँछ । त्यसैगरी, धेरै दलहरूका नेताहरू जनताबिच लोकप्रिय नहुनु अर्को ठुलो बाधा हो । प्रत्यक्ष चुनावमा उम्मेदवारले आम जनताबाट मत प्राप्त गर्नुपर्ने भएकाले पार्टीभित्र मात्र नभई जनता माझ पनि व्यापक लोकप्रियता आवश्यक पर्छ । यदि नेताहरूको जनप्रियता कमजोर छ भने उनीहरूलाई प्रत्यक्ष चुनावमा विजयी हुनु गाह्रो हुन्छ र यसले दलका लागि जोखिम निम्त्याउँछ । यो जोखिम उठाउन दलहरू तयार देखिँदैन । सानो दलहरूको अस्तित्वको सङ्कट पनि प्रत्यक्ष प्रणालीलाई नचाहनुको महत्त्वपूर्ण कारण हो । संसदीय प्रणालीमा साना दलहरूले गठबन्धन सरकारमा भाग लिएर आफ्नो प्रभाव कायम राख्न सक्छन्, तर प्रत्यक्ष प्रणालीमा त्यस्तो सम्भावना न्यून हुन्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा कार्यकारी प्रमुख बन्नका लागि स्पष्ट बहुमत चाहिने भएकाले साना दलहरूको अस्तित्व सङ्कटमा पर्छ र उनीहरूले आफ्नो राजनीतिक प्रभाव गुमाउने डर मानेको देखिन्छ । प्रत्यक्ष प्रणालीमा कार्यकारी प्रमुख सिधा जनता समक्ष जिम्मेवार हुने भएकाले दलहरूलाई जबाफदेही बन्नुपर्ने दबाब पनि झेल्नुपर्छ । संसदीय प्रणालीमा दलहरू आफ्नो कमजोरी छोप्न सक्ने सम्भावना हुन्छ, तर प्रत्यक्ष कार्यकारी प्रणालीमा आलोचना सिधै व्यक्ति वा दलमाथि केन्द्रित हुन्छ, जसले दलहरूलाई असहज बनाएको छ । यसरी हेर्दा, शक्ति गुम्ने डर, लोकप्रियता नहुनु, साना दलहरूको अस्तित्व सङ्कट, जबाफदेही बन्नुपर्ने दबाब, राजनीतिक अस्थिरताको जोखिम र प्रणाली परिवर्तनको जटिलता जस्ता कारणहरूले गर्दा नेपालका दलहरू प्रत्यक्ष कार्यकारी प्रणाली अपनाउन हिचकिचाइरहेका छन् । राजनीतिक प्रणाली आफैमा खराब हुँदैन । खराब हुन्छ त केवल प्रणाली भित्र अभ्यास गर्ने राजनीतिक दल, नेता र उनीहरूको प्रवृत्ति । अहिले राजनीति प्रति जनतामा देखिएको राजनीतिक वितृष्णा यसैको उपज हो । त्यसैले राजनीतिक प्रणाली सुधार गर्ने गर्ने राम्रो अवसर बनेर छ । नेपालमा प्रत्यक्ष कार्यकारी प्रणाली केवल राजनीतिक अवधारणा मात्र होइन, जनताका आकाङ्क्षा, व्यवस्थाको आवश्यकता र समृद्धि तर्फको यात्रा तय गर्नु पनि हो । दीर्घकालीन र सबल नेतृत्व चाहन्छ भने प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा सोचेर यो परिवर्तनलाई व्यवहारमा ल्याउनु आवश्यक छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अड्केको धन प्राप्त हुनेछ। धन खर्च हुनेछ।घरपरिवारबाट सहयोग मिल्नेछ। | **तुला** : नयाँ नोकरीको लागि संघर्ष गर्नुपर्ला। विदेशतिरबाट शुभ सूचना मिल्नेछ। |
| **वृष** : विवाद बढ्ला सावधान रहनुहोस्। आर्थिक पक्ष कमजोर रहन सक्छ । | **वृश्चिक** : सोचेजस्तो सफलता हात लाग्नेछ। कार्यस्थलमा आइरहेको समस्या सुल्झिनेछ। |
| **मिथुन** : आर्थिक समस्याको समाधान मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ। | **धनु** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। दलावले स्वास्थ्यमा गिरावट आउनेछ। |
| **कर्कट** : आर्थिक पक्ष सबल रहनेछ। र ाजकीय मामलाहरू सुल्झिनेछन्। | **मकर** : आलस्य गर्नदेखि बच्नुहोस्। साधन चलाउँदा सावधान रहनुहोला। |
| **सिंह** : कानुनी पक्ष सबल रहनेछ। पेशामा गोपनीयताको ध्यान राख्नुहोस्। | **कुम्भ** : सामाजिक कार्यमा धनखर्च हुनेछ। रमाइलो यात्राको अनुभव हुनेछ । |
| **कन्या** : नयाँ लगानी लाभदायी रहनेछ। धार्मिक कार्यक्रमहरूमा सम्मिलित भइएला। | **मीन** : कार्यस्थलमा अतिरिक्त जिम्मेवारी मिल्नेछ। एकाग्रताको कमी रहनेछ। |

# साहित्य दर्पण

कृति/समीक्षा — प्रा.कपिल अज्ञात

## 'छालबाटो'को समाजशास्त्रीय चित्रण

रमेश भूषालको छालबाटो (कैलाशदेखि गङ्गासम्म-२०८२) गैरआख्यानको सद्य प्रकाशित कृति हो । फाइन प्रिन्टद्वारा प्रकाशित यस कृतिमा 'खुसीको उपत्यका'देखि गङ्गातिरसम्म' जम्मा १० परिच्छेदहरू छन् । यिनैमध्ये एक परिच्छेदको शीर्षक छ - 'छालबाटो' । यसै नाममा पूरै कृतिको शीर्षकीकरण गरिएको छ । छालबाटो नामकरण सम्बन्धमा विचार गर्दा नदी किनारको नदीको छालले कुरूप बनाउने अप्ठ्यारो बाटोलाई 'छालबाटो' भनिँदो रहेछ, जहाँ अधिक गेग्रानहरू पनि हुन्छन् । जहाँ खच्चडहरू पनि हिँड्न सक्दैनन् । नदीमा बाढी आउँदा नदीको छाल पनि बाटोसम्म आइपुग्ने र बाटो बिग्रने स्थितिको बाटोलाई पनि 'छालबाटो' भनिएको हुनसक्छ । कर्णालीको किनारकिनार कर्णाली नदीलाई पछ्याउँदै हिँड्नुपर्ने यस्ता बाटा कर्णालीभरि अनेक छन् । यिनै छालबाटोको अनुभव गरेर कृतिको शीर्षक छालबाटो राखिएको हुनसक्छ । अन्य परिच्छेदभन्दा 'छालबाटो' अधिक सघन र मार्मिक छ । यसमा कर्णाली जनजीवनको मार्मिक चित्रण पाइन्छ । यसमा निहित विषयवस्तुले पनि यसको शीर्षकलाई सार्थक तुल्याएको देखिन्छ । कुनै पनि पुस्तकमा प्लाष्टिक कोटेड गरेको, प्रकाशित प्रति यति भनेर नजनाएको, गैरआख्यान भनिएको तर स्पष्ट रूपमा विधान नखुलाइएको, नेपालमा यति धेरै आधुनिक प्रेस छँदाछैदै भारतीय दूर प्रान्तबाट छापिएको जस्ता कुनै पनि कुरा मलाई पटक्कै मन पर्दैनन् । कारण के भने यी सबै पाठकका हकविपरीत बेहोरा हुन् ।

*नेपाली पाठकजगत्ले यस्ता अन्यायहरू बेहोरिरहेको छ । प्रकाशनसम्बन्धी लागत भन्दा कैयौँ वेसी मूल्य निर्धारण गर्दा पाठकको आर्थिक शोषण गर्ने प्रवृत्तिप्रति मलाई निकै वितृष्णा छ । यस सम्बन्धमा पाठकहरूले किन आवाज उठाइरहेका छैनन् ? पाठकाधिकार बन्न किन सकेको छैन । साहित्यिक सूचनाबाट आफूलाई अद्यावधिक गर्न र अनुभवको क्षितिज बृहद् तुल्याउन प्रतिस्पर्धामा अगाडि आएका कृतिहरू पढ्न मन लाग्छ र रत्नसरह मानेर सङ्कलन गर्ने पनि मन हुन्छ, त्यसै प्रयोजनमा कृति किनेर पढ्न थालेको छु । यस सन्दर्भमा आइ.एस.बि.एन. नम्बर प्रति पनि मेरो आपत्ति छ, जसले संस्मरण वर्ष, सङ्ख्या र विधा प्रत्यक्ष खुलाउँदैनन् तिनले दर्ताको अधिकार कसरी पाउँछन् ?*

नेपाली पाठकजगत्ले यस्ता अन्यायहरू बेहोरिरहेको छ । प्रकाशनसम्बन्धी लागत भन्दा कैयौँ वेसी मूल्य निर्धारण गर्दा पाठकको आर्थिक शोषण गर्ने प्रवृत्तिप्रति मलाई निकै वितृष्णा छ । यस सम्बन्धमा पाठकहरूले किन आवाज उठाइरहेका छैनन् ? पाठकाधिकार बन्न किन सकेको छैन । साहित्यिक सूचनाबाट आफूलाई अद्यावधिक गर्न र अनुभवको क्षितिज बृहद् तुल्याउन प्रतिस्पर्धामा अगाडि आएका कृतिहरू पढ्न मन लाग्छ र रत्नसरह मानेर सङ्कलन गर्ने पनि मन हुन्छ, त्यसै प्रयोजनमा कृति किनेर पढ्न थालेको छु । यस सन्दर्भमा आइ.एस.बि.एन. नम्बरप्रति पनि मेरो आपत्ति छ, जसले संस्मरण वर्ष, सङ्ख्या र विधा प्रत्यक्ष खुलाउँदैनन् तिनले दर्ताको अधिकार कसरी पाउँछन् ? तिनले विधात्मक रूपमा गैरआख्यान भनिदिएर मात्र पुग्छ र ! पाठकको हकमा किन ती त्यति उदासीन बन्छन् ।

पाठकको मागविना तिनको बजार कहाँ विस्तार हुन पाउँछ ? यतिबेला निकै चर्चामा आएको कृति हो - छालबाटो (२०८२) । यो पद्मश्री पुरस्कारबाट पनि पुरस्कृत हुने सूचीमा पर्छ । मदन पुरस्कारको पनि प्रतिस्पर्धाको सूचीमा अग्रस्थानमा आएको कृति हो । यो एक अनुभूतिशील पत्रकार युवाले आफूले देखे, भोगेका र अनुभव गरेका अनुभूतिलाई मिहिन रूपमा खिपेर प्रस्तुत गरेका छन् । यथार्थ घटनाहरूको क्रमबद्ध चित्रणबाट त्रासजन्य स्थितिको पनि सिर्जना गरेका छन् । उनी जताजता पुग्छन् त्यतैत्यतै पाठकलाई डोऱ्याउन सक्षम देखिन्छन् । आफ्नो बुद्धि र स्मृतिबाट त्यति मिहिन र सघन चित्रण कसरी गर्न सकेका होलान् पढ्ने पाठकलाई पनि अवश्य आश्चर्यचकित पार्दछ । उनी पत्रकारितामा प्रवीण हुनुकै यो परिणाम हो भन्ने लाग्छ । पहिलो कृतिबाटै उनले सुन्दर र मनोहर ढङ्गले गहिरो छाप छोडेको पाइन्छ ।

उनी स्रष्टा, समीक्षक एवम् प्रतिवेदक भएकाले प्रत्येक घटनाप्रति गम्भीर र संवेदनशील हुनु स्वाभाविक हो । उनले जे जति लेखेर प्रस्तुत गरेका छन् तिनमा पूरा सत्यता लाग्छ । यस दृष्टिले उनमा लेखकीय इमान्दारिता पनि देखापर्छ । आफूले देखे-बुझेका कुरा नढाँटीकन प्रकट गरेका छन् । व्यक्तिचरित्रको अन्तर्तहलाई पनि खोतलेर प्रस्तुत गरेका छन् । कर्णाली जनजीवनको दु:ख-दर्दलाई गहिराइबाट नियालेका छन् । कतिपय घटना र प्रसङ्ग अध्ययनको पृष्ठभूमिबाट तथ्यपरक तुल्याएका पनि छन् । अध्ययन र अनुभूतिलाई आधारित रूपमा समन्वय गरी सटीक कथ्यात्मक रूप दिनु लेखकको विशेष क्षमता हो भन्ने देखिन्छ । उनको पहिलो कृतिमैं शैली र स्वर पनि विशेष र भिन्न किसिमको बनेर आएको भेटिन्छ । कर्णालीको चित्रणमा लेखक स्वयम् पनि भावुक बनेका छन् । धनवीरेको छियाछिया परेको टोपी, काङ्गी दाइको पसिना, बाख्राको पिठ्यूँमा दश किलो चामल बोकाएर हिँडाएको दृश्य, कुपोषण भएको बालकलाई उसकी आमाले बिस्कुटको लेदो चटाइदिएको दृश्य, कार्यक्रमको भेटघाटबीच मुख्यमन्त्रीको रेलगफले मन हल्लिएको स्थिति यस कृतिभित्रका मार्मिक र यथार्थ चित्रण हुन् । चित्रणअनुसार :

कर्णालीमा प्रशस्त पानी छ
त्यत्तिकै फराकिलो जमिन पनि छ
तर जमिन र पानीको घनिष्ठ सम्बन्ध छैन
त्यसैले जमिन भएर पनि हानि छ
कैल्ये अनावृष्टि कैल्ये अतिवृष्टि छ
वेगशील पानी भएर पनि बिजुली छैन
दु:खै दु:ख र अन्धकारको कहानी छ ।

यसरी लेखकले कर्णालीबासीको व्यथा र वेदनालाई गहिराइसँग नियालेका छन् र सहानुभूतिका प्रशस्त रङ्ग पोतेका छन् । त्यसको जीवन्त चित्रणले पाठकलाई समेत भावुक तुल्याएका छन् । त्यहाँको दयनीय अवस्था बुझ्दा हाम्रो मन पनि करुणाले भरिन पुग्छ । दश अध्यायमा समाहित यो कृति हिँडेर, गुडेर र बगेर गरिएको कर्णालीको उद्गम कैलाशदेखि भारतको गङ्गासम्मको यात्रामा आधारित छ । यो स्थलचर, वनचर र जलचरको समाजशास्त्रीय पर्यावरण विज्ञानसँग सम्बन्धित ज्ञानबर्द्धक र रोमाञ्चक कृति हो ।

यसले अनुभवको क्षितिज मात्र बृहद् पार्दैन नवीन र महत्वपूर्ण विषयको सूचना र सन्देश पनि प्रवाहित गर्दछ । बृहद् अध्ययनको पृष्ठभूमि बनाई प्रत्यक्ष संलग्नताबाट सृजित संवेदना, चिन्तन र विचारले कृतिको गुरुत्व र गरिमा अभिवृद्धि गर्दछ । लेखककै कथनअनुसार यो नदी यात्रामा भेटेका पात्रहरूको कथा हो । नदी यात्रामा तीन देश आएका छन् - तिब्बत, नेपाल र भारत । यसमा नदी, नदीकिनारबासी, सहयात्री, नदी राजनीति र नदी विज्ञानको कथा छ । समालोचकीय दृष्टिमा यो परम्परित यात्रा वृत्तान्तभन्दा पनि यात्रा गरिएका ठाउँको समाजशास्त्रीय अवलोकन हो र समाजशास्त्रीय भन्नाले यसमा धर्म, भाषा, संस्कृति, भूगोल, पर्यावरण आदि सबै पर्छन् । यात्रालाई ज्ञानमय, मन्मय, पर्यावरणमय र आनन्दमय तुल्याएकाले पनि यसको गुरुत्व र गरिमामा अभिवृद्धि भएको पाइन्छ । यसमा विविध सन्दर्भ समाविष्ट छन्, ती सबै रोचक, ज्ञानबर्द्धक र मनोरञ्जक छन् । दलाई लामादेखि दबिएका समुदायसम्मका कुरा छन् । पठारमा निर्मित हुँदै गएका कङ्क्रिटमय जङ्गलका कुरा छन्, यात्रामा विचार-विनिमयका सङ्कटका कुरा छन्, आस्था र धर्मका कुरा छन्, आ-आफ्ना देशका विकासका अवस्था एवम् प्रशासनिक निकायका बडप्पनका कुरा छन्, जलवायु परिवर्तनका कुरा छन्, कुपोषणका कुरा छन्, भूगोल, संस्कृति र रहनसहनका कुरा छन्, चेकजाँच हुँदा त्रासदीका प्रसङ्ग छन्, भोटेकुकुरका आक्रमणकारी प्रसङ्ग छन् । यस्तैयस्तै विषयगत अनेक विविधताले यो भरिएको छ । जस्तै मुक्तकमा :

नदीका कुरा छन् यसमा बिजुलीका कुरा छन्
गण्डकी कोशी कर्णाली त्रिशूलीका कुरा छन्
छालबाटो र तालबाटोको वर्णन विचित्र छ
घर कसरी चलाउने भन्ने घरमूलीका कुरा छन् ।

*-समकालीन साहित्य डटकम*

कथा — कुञ्ज देवी उपाध्याय

## समयको चपेटामा थिचिएको वर्तमान

बाटो हिँड्दा सधैं हाँसेर बोल्ने निरोल्नी दिदी हिजोआज बोल्दिनन् । बाटामा उभिएर कसैसँग बात गरेको पनि देखिँदैन । हुन त ऊ जागीरे महिला हुन् । समय मिलाउन नसकेर होला भन्दै थिएँ । धेरै दिनपछि उनीसँग जम्काभेट भयो उनैको घरनजीकै । अनुहारमा अघिको कान्ति र हँसिलोपन देखिँदैन । फुस्रो हाँसो खिस्स हाँसेर उनी जानलाग्छिन् । हतारहतार उनलाई रोक्दै कुरा गर्छु, "तिमी त बोल्नै छाड्यौ त, बुहारी आएपछि तिमीसँग समय प्रशस्तै हुनुपर्ने, आज झन् छुट्टिको दिन । एकछिन बसेरै सुखदु:खका कुरा गरौँ भन्या । चिया दिनुपर्छ भनेर डराए जस्तो पो छ त !" "जे सोचे पनि सोच्नुहोस् । आज बात गर्ने इच्छा छैन । फेरि अर्को दिन गरौंला है दिदी !" उनको घरबाट चर्को आवाज आउँछ । कान त्यतैतिर ठाडा पार्दै झसङ्ग हुन्छु म । "तेरी आमा बाटोमा कोसँग खुसुक्क कुरा गरिरहेको देख्छु, तैँले देख्या छैनस् ? छैन भने आँखा तन्काएर हेर् ।" अब बुझ्न बाँकी रहेन निरोल्नी दिदी परिवर्तन भएको कारण । यसरी कति मान्छेलाई कतिले गलत सोचिरहेका हुन्छन् ! उनीहरूको असल समस्यालाई कसैले पनि अनुभव गर्न खोज्दैनन् । घरको वातावरण र समस्याले मान्छेलाई यसरी अल्झाउने रहेछ कि उनीहरू सबैथोक त्याग गरेर मौनता अपनाउन बाध्य हुन्छन् । बिचरी, जागीरे छोरालाई धूमधामसँग बिहे गरी ल्याएकी बुहारीको अत्याचारको चपेटामा पो रहिछन् ! फर्केर हेर्दा उनी त्यहाँबाट गइसकेकी थिइन् । नितेश शान्त स्वभावको मृदुभाषी हुनुको साथै पढाइमा अब्बल विद्यार्थी थिए । दुइटै छोरालाई संस्कार दिन सफल थिए पितामाता । घरको माहोल अत्यन्त खुशहाल हुनेगर्छ । बुबाआमा दुवै जागीर जाने । दुई दाजुभाइ बीच माया देख्दा म नष्टालजिक हुन्थैँ । कति सुखी घर भन्ने लाग्थ्यो त्यतिखेर । पढ्दापढ्दै तालिम दिएर सानो छोरो हितेस पनि जागीरतिरै लाग्छ । लक्ष्मी माताको कृपादृष्टि यिनीहरूसँग रहेछ भन्थे गाउँका मान्छे । बुहारी आइन् । उनको पनि शिक्षिकाको पदमा नियुक्ति भएको एकसाल बितिसकेको थियो । घरमा दुई वटा कार आँगन शोभायमान पार्दै खडा छन् । तर उनी माइतीघरमा बसेर जागीर जाने कुरा गर्छिन् ।

सासूससुराको कुरालाई काट्दै उनी भन्छिन्, "म यहाँ बसेर आवतजावत गर्न सक्दिनँ, चिया र भात दिन्छे भनेर सोच्नु पनि पर्दैन ।" सैात शुरू हुन्छ । नितेश बिचरा ! यता आफ्नो प्रेम उता मातापिता ! कसको सुन्नु । दोधारमा पर्छ । कसरी यति ठूलो गल्ती भयो उसको ! तनुसँग यति लामो समयको प्रेम गर्दा ऊभित्रको लालची र ईर्ष्यालु स्वभाव देख्न नपाउनु के उसको अन्धो प्रेमको परिणाम हो या सरलतामाथि प्रश्न चिह्न ? नितेशको मनको गहिराइसम्म कालो बादल छाउँछ । हिजोसम्म जिन्दगीलाई हेरेर आएको नजरिया एक्कासि बदि्लन्छ, जीवन त कुहिरोभित्र लुकेको घामजस्तै रहेछ, खुशी आउने अघि नै छोपेर लुक्नुपर्ने । शायद मौन बसेर समाधान खोज्दै हुन्छ नितेश । बोल्ने त कसको पक्षमा । बरु मौनताले केही समाधान देला भन्दाभन्दै कुरो गहिराइसम्म पुग्छ । जागीरबाट छिट्टै घर आउँदा आमाको गुनासो र बाबाले बुझाइरहेको देख्दा आँखाबाट आँसु आउँछ नितेशको । आमा भन्छिन्, "मैले के पाप गरेकी रहेछु र आज आफ्नै घरमा यति अवहेलित हुनुपऱ्यो, नितेशका बाबा ? कति खुश थिएँ म ! आफ्नो पनि अझै चार/पाँच साल जागीर छ । बुहारीलाई ढिलो हुन्छ भनेर काम गर्ने मान्छे पनि खोजेकी थिएँ । तर एक बात नबोली मलाई सासूसँग बस्न सक्दिनँ भन्दा कस्तो लाग्यो होला ! यही दिन देख्न मैले छोरा जन्माएकी थिएँ र ?" एकशब्द बोल्दैन छोरो । "तिम्रो गल्ती छैन । उनीहरूको परवेशको गल्ती हो रेणु । तिमी निश्चिन्त बस । म छोरासँग कुरा गर्छु ।" बाबाको कुरा सुनेर नितेश चुप्प लागेर बस्न सकेन । ऊ आमालाई अँगालो मारेर डाको छोडेर रुन्छ । "मलाई माफ गर्नुहोस् आमा । उसको यस्तो निकृष्ट स्वभावबारे मैले केही थाहा पाउन सकिनँ । अहिले म आफैँलाई लुकाएर एउटा मूकदर्शक भइरहेको छु आमा ! बोलेर कसलाई सम्हाल्न सक्छु मैले अब, कसलाई बुझाउन सक्छु जसले आफैँलाई बुझाउन सकेको छैन ।" नितेशको असहायपन र भक्कानिएको अनुहार आमा बाबाको लागि साह्रै पिडादायक हुन्छ । आजसम्म कहिल्यै उसलाई यति निराश देखेका थिएनन् उनीहरूले । आफ्नो पीडा बिर्सिएर दुवै एकसाथ भन्छन्, "हिम्मत हार्नु हुँदैन छोरा ! सब ठिक हुन्छ । समय यतिखेर शायद हाम्रो विपक्षमा चल्दैछ ।" जीवनको चक्र कहिले कता घुम्छ कसैलाई थाहा हुँदैन । कोठाभित्र शून्यता छाउँछ । अकल्पनीय शून्यता । घर बाहिरका गमलामा फुलेका फूलहरू ओइलिएर हेरिरहेका हुन्छन् । उनीहरूलाई पानीको आवश्यक अनुभव भइरहेको देखिन्छ । निरोल्नी दिदी त्यतैतिर एकोहोरिन्छिन् । बिचरा गमलाका फूल, मानिसको लडाइँमा परेछन् आफ्नै कोठाभित्र बसेर आफूलाई प्रश्न गर्छ नितेश, म सही छु या गलत ! अब मौनता तोड्नुपर्छ मैले, नत्र ढिलो हुन्छ । ऊ आफ्नो सरकारी क्वार्टर जाने फैसला गरेर प्याकिङ शुरू गर्छ । ऊ अघि पनि बसेकै हो । अब घरमा मिलाप नभएपछि के गर्नु ! पहिल्यै दुखी छिन् आमा । त्यसैबीच फैसलाले अझ दुखी नहोऊन् भन्ने सोचेर आमालाई सम्पूर्ण बुझाई आफ्नो गाडी निकाल्छ । कसले जान्दछ जीवनले कुन मोडमा पुगेर अर्को बाटो लिन्छ ! आज तनुलाई फोन गर्न मन लागेन । ऊ आफ्नै माइतमा रमाइरहोस् । धेरै दिन छोडेको कोठाभित्र माकुराको जालो लागेको हुन्छ । बडारकुडार पारेर सुटकेसबाट नयाँ च्यादर निकालेर ओछ्याई ऊ पल्टिन्छ । अतीतको पन्ना उसको सामु आउँछ र भन्छ, "के सोचेको नितेश ? घरबाट यहाँ भागेर त आइपुगिस्, तर के आफूबाट भाग्न सक्छस् ? गल्ती तेरो हो । अब तैंले आफैँ सुधार गर्नुपर्छ ।" साँझ परिसकेको हुन्छ । बाहिर सुनसान प्रकृति । जामुनाको बोटमा केही निशाचर चरी आहारा खोजेर बस्नथाल्छन् । उसलाई आमाको हातको चिया याद आउँछ । निबुवाको रस हालेर ठिक्क चिनी मिलाई बनेको चियाले दिनभरिको थकान मेटिदिन्थ्यो । लामो सुस्केरा हाल्दै अमरको काँधमा हात राखेर चिया पिउन जाने आग्रह गर्छ । तेल कम्पनीको कोलनी । ब्रिटिशकै दिनमा बनिएका घर अझै छन् एकदुई । शिरीषका रूखका बीचबाट उनीहरू चिया पसलतिर लाग्छन् । सिरसिरे हावाले शरीर मन शीतल पार्ने कोशिश गरिरहेको हुन्छ, तर नितेशको मनमा बलेको आगोले उसलाई पोलिरहन्छ । हावा बाहिर चल्छ, भित्र पस्न सक्दैन । करिबन नौ बजेतिर ऊ कोठामा आएर सुत्ने बिचार गर्छ । आमाको फोन आउँछ - "खाना खाइस् ?" "खाएँ, आमा ! होटलमा खाएर आएँ ।" आमा ढुक्क पर्छिन् तर उसको भूँडीमा भने मुसा कुदिरहेका हुन्छन् । तनुको व्यवहारले उसको मनमुटु चिरिएको छ । झगडा गरेर गएपछि न तनुको फोन आएको छ न उसका मातापिताले केही सोधेका छन् । राति धेरै बेरसम्म निद्रा आउँदैन । ढिलो आँखा जोडिएछन् । बिहान अबेरसम्म सुतिरहेको नितेशको ढोकामा कसैले दस्तक दिन्छ । आँखा मिच्दै ढोका खोलेर अघिल्तिर प्रहरीलाई देख्दा झसङ्ग हुन्छ ऊ । "नितेश निरौला तिमी नै हो ?" प्रहरीको प्रश्नको जवाफमा हो भन्दै टाउको हल्लाउँछ नितेश । "आफ्नी नवविवाहिता पत्नीलाई आमाछोरा भएर अत्याचार गरी यहाँ आएर किन लुकेका ?" "के भन्नुहुन्छ हजुरहरू ? हामीले तनुलाई के अत्याचार गर्यौं ? ऊ आफैं आमालाई मनपरी भनेर घरबाट निक्लेर गएकी हो हजूर । कसैले गलत इन्फरमेशन दियो हजुरलाई ।" तनुको बाबालाई हेर्दै नितेश भन्नलाग्छ - "बाबा के यो मेरो लुक्ने जग्गा हो ? यहाँ बसेर म जागीर गर्छु भन्ने कुरा हजुरहरू सबैलाई थाहा छ । यो नाटक किन ? तनुको गलत कुरालाई हजुरहरू बडावा दिँदै हुनुहुन्छ, किन ?" तनुका बाबा केही बोल्दैनन् । बाहिर सुनसान थियो । अब एक छिनपछि यो बाटोमा कमिला सरह मान्छे हिँड्न थाल्छन् । के भन्लान् प्रहरी आएको देख्दा ! "हजुरहरू जान सक्नुहुन्छ । कहीं पनि केही भएको छैन । तनुलाई मसँग बिहे गरेर खुशी मिलेन भने उनको जे इच्छा त्यही गरून् । बाधा छैन ।" नितेश दैलो बन्द गरेर भित्र पस्छ । आमा बाबा पनि कति लबस्तरा रहेछन् एक्कासि प्रहरी लिएर आउने ! अघिल्लो दिनदेखि केही नखाएको भोको शरीर भुइँचालो आएजस्तै हल्लिन थाल्छ । ऊ घर सम्झिन्छ । गाडी निकाल्छ र घरतर्फ लाग्छ । दश किलोमीटर बाटो कतिखेर कट्यो थाहै नपाई घरको आँगनमा गाडी थामिन्छ । छुट्टीको समय । खाना बन्दै थियो । नितेश सिधा पकाएको ठाउँमा पुग्छ । छिटो भात दिने आग्रह गर्दै टेबलमा बसेको देखेर आमालाई बुझ्न बाँकी रहेन उसले बेलुका के खाएनछ । तृप्तिले खाना खाए पनि प्रहरी उसलाई खोज्दै गएको कुरालाई भुल्न सकेको छैन । आमालाई भनेर अरू दु:ख थपिदिने मन पनि छैन उसलाई । हेर्दै जाऊँ समयको तमाशा ! शिक्षित भएर आजका पिँढी सभ्य हुन जानेनन् । उनीहरू आत्मकेन्द्रित भएको कारण के हुन सक्छ ? आफैँलाई बुझाउन प्रयास गर्दै मनमा कुरा खेलाउँछिन् निरोल्नी त्यै डाइनिङ टेबलमा बसेर । "आफू बिहे भएर आएपछि कसरी घरका सबैलाई खुशी पार्न सकिन्छ भनेर सबैको ख्याल राखेको याद गर्छिन् उनी । त्यसो त सासुससुराको माया पनि पाएकी थिइनँ उनले । शायद कुनै मोडमा गल्ती गरिन् होला । त्यसैले आज आफूले माया गर्न चाहँदा पनि लिन खोज्दिनन् बुहारी !" तै पनि मनमनै भन्छिन् - उनीहरू दुईजना मिलेर बसून् । जब एउटा सन्तान हुन्छ तब अवश्य बुझ्नेछन् आमा र सन्तान बीचको माया । "आमा !" बाहिर कान्छो छोरो पुकारिरहेको हुन्छ । आमाको बोली नसुनेपछि नजीक आएर आमालाई फकाउने शैलीमा बोल्न थाल्छ, "के सोचेर बसिरहनुहुन्छ आमा ! चिन्ता नगर्नुस् । म छु । हजार सुख छोड्न तैयार छु मेरा मातापिताको लागि ।" "आज मेरा पनि त्यस्तै नानीहरू हुन्थे, माया गर्ने पतिको साथ हुन्थ्यो । नितेशले बारम्बार बुझाउँदा पनि घमण्डले मैले सबैथोक गुमाएँ बाबाको कुरामा आएर । अहिले न बाबा रहनुभयो न मेरो जिन्दगी खुशहाल भयो ।" साँच्चै, नारीले आफ्नो मर्यादा भुलेपछि पछुताउनैपर्ने रहेछ । निस्तेज आँखाले आकाशतिर हेर्छिन् । एक हूल चरी जोडी बाँधिएर आफ्नै गुँडतर्फ गइरहेका थिए हाँस्दै हाँस्दै...।

*-साहित्यपोस्ट डटकम*

## हार्दिक मंगलमय शुभकामना



विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा ग्राहक वर्ग, बुबाआमा, दाजुभाई, दिदीबहिनी तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ऋषिराम लुइटेल/ रविन भुर्तेल
प्रोपाईटर
एवं
**स्वयम्भु रेडअर्थ हमाल (जे.भि)**
काठमाडौं, नेपाल

## विजया दशमी को शुभकामना



विजया दशमी २०८२ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| विनयराज बज्राचार्य | रत्नमान बज्राचार्य | सरोजलाल शाक्य |
|---|---|---|
| सचिव | उपाध्यक्ष | अध्यक्ष |

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-६, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभदिपावली, छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण उपभोक्ता, सेवाग्राही समितिका पदाधिकारी सदस्य, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



| प्रेम बहादुर मल्ल | मोहन प्रसाद श्रेष्ठ |
|---|---|
| सचिव | अध्यक्ष |

**तानसेन खानेपानी उपभोक्ता समिति**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना



विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा ग्राहक वर्ग, बुबाआमा, दाजुभाई, दिदीबहिनी तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रबिन राज शाक्य
प्रोपाईटर
एवं
**न्यू राज गहना गृह**
असन टोल,तानसेन-२,पाल्पा

हाम्रा सेवाहरु, हामीकहाँ किना रसानका गहनाहरु रेडिमेट तथा अर्डर बमोजिम बनाउनुका साथै पुराना गहनाहरु साटफेर गरिन्छ ।

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी २०८२ को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरु, सेवाग्राही, कर्मचारीवर्ग, शुभेच्छुकहरुमा सुख, शान्ति समृद्धि र दिर्घायुको कामना गर्दै **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**कालीगण्डकी कोरिडोर(गैडाकोट-राम्दी-मालढुंगा)**
तानसेन, पाल्पा

अनुरोध
- सार्वजनिक सडकमा निर्बाध रुपमा आगमन गर्न पाउने सबै नागरिकको नैसर्गिक अधिकार हो ।
- सडकको सम्वर्द्धन, सम्भार एवं सुरक्षा गर्न हाम्रो सबैको दायित्व हो
- सडक सीमा अतिक्रमण गरी घरटहरा लगायत अस्थायी एवं स्थायी प्रकृतिको संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो ।
- सडक तथा यातायात आवागमनमा बाधा पुग्ने कुनै काम नगरिदिनुहुन सबै सरोकारवालामा हार्दिक अनुरोध गरिन्छ ।



## हार्दिक मंगलमय शुभकामना



विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा मजदुरकर्मी, बुबाआमा, दाजुभाई, दिदीबहिनी तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

| हुमराज बस्याल | | सुरेश कर्माचार्य |
|---|---|---|
| सचिव | एवं | अध्यक्ष |

**भवन तथा बाटो निमार्णकर्मी संघ परिवार**
तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई